# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५/७६ मिति: २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या:०७५।७६
च.न.

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,

बेनी नगरपालिका,म्याग्दी ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट बेनी नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४स्थानीय सरकार सञ्चालन ऐन, २०७४तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड ४१ लाख ८० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१० लाख ७७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७८ लाख ३ हजार,प्रमाण कागजात पेश गर्नुपर्ने रु.४४ लाख ७३ हजार र पेश्की रु.८ लाख २७ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछर्योट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना (१६) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)

नायव महालेखापरीक्षक

# बेनी नगरपालिका

# लेखापरीक्षण प्रतिवेदन

# २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालीका अर्न्तगत १० वडा रहेको ५२ सभा सदस्य,७६.२५वर्ग की.मी.क्षेत्रफल , ३३४९८ जनसंख्या भएको गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहयता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | ३०८७१८४४४.९८ |
| | क) नगद | | २ | पूँजीगत खर्च | १४४४२०६९९.०० |
| | ख) बैंक | १९६२१९३२.९४ | ३ | वित्तीय व्यवस्था भुक्तानी | |
| २ | राजस्व (आन्तरिक आय) | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | १३५६७८८२ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | लगानी | |
| ३ | वित्तीय हस्तान्तरण | | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | १८०९१०००० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | २१८९५१०६५.६८ | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | ५ | धरौटी फिर्ता | ५०५१०३६ |
| | घ) विशेष अनुदान | | ६ | कोष खर्च | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ७ | मौज्दात | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क)वित्तीय समानीकरण अनुदान | | | क) नगद मौज्दात | |
| | ख) सशर्त अनुदान | | | ख) बैंक मौज्दात | ४३९३०८५६.६४ |
| | ग) समपूरक अनुदान | | | ग) धरौटी मौज्दात | २९६८६११.४१ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | ४४७५००० | | | |
| ८ | जनसहभागिता (नगद) | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | | |
| | सामाजिक सुरक्षा अनुदान | ५५६०६००० | | | |
| | सडक बोर्ड | ४१६८७९५ | | | |
| | पर्यटन पुर्वाधार | ६००००० | | | |
| | गरिबसंग बिश्वेश्वर | ४२९००० | | | |
| | ग्रामीण खानेपानी | १६००००० | | | |
| | स्थानीय शासन सहयोग | १९४१०६३ | | | |
| १० | धरौटी आय | ३२१८९०९.४१ | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | |
| १२ | अन्य विविध आय | | | | |
| | **जम्मा** | **५०५०८९६४८.०३** | | **जम्मा** | **५०५०८९६४८.०३** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १ | **वजेट निति तथा कार्यक्रम**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । यस बेनी नगरपालिकाको कार्यपालिकाले आषाढ २८ मा स्विकृत गरेको बजेट, निति तथा कार्यकम २०७४ आषाढ ३०गतेको प्रथम नगरसभाले अनुमोदन गरेको देखियो । निर्धारित समयमा सभामा पेश गरि बजेट, निति तथा कार्यकम पारित गर्नुपर्दछ । | |
| २ | **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले | |

| | | |
|---|---|---|
| | आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन ।<br>● **जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन कार्यान्वयन भएको देखिएन ।<br>● **जोखिम पहिचानः** कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br>● **योजना सन्चालनः** सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन ।<br>● **कार्य विवरणः** प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन ।<br>● **लागत अनुमान/खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन ।<br>● **मर्मत अभिलेखः** सवारी साधन तथा मेशीनरी उपकरण मर्मत गरेपछि म.ले.प.फा.नं.२ मा अभिलेख राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले मर्मत अभिलेख खाता राखेको पाईएन ।<br>● **भ्रमण अभिलेखः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची -६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले भ्रमण अभिलेख खाता राखेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम अभिलेख व्यवस्थित गर्नुपर्दछ ।<br>● **सम्पत्तिको अभिलेखः** सावंजनिक खरिद नियमावली, २०६४ को नियम १४९,५ मा सावंजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपनें व्यवस्था रहेको छ । कायांलयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कायंक्षेत्रभित्र पनें भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भटं, नाली, रेलिँ आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन .<br>● **मू.अ.कर दर्ता नभएकासंग खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ | |
| ३ | **श्रोतअनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेको छ । नगरपालीकामा गठित उक्त समितिले कार्यपालिकामा पेश गरेको प्रतिवेदनमा उल्लेखनीय व्यहोरा देखिएन । | |
| ४ | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा | |

कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ तर कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउन गठित समितिले उल्लेखनीय कियाकलाप गरेको छैन ।

५ **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम..पालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ ।नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

६ **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन ।मुल कार्यक्रम ३१३ र सहायक कार्यक्रम १२९ गरि ४४२ कार्यक्रम सम्पन्न गर्ने लक्ष्य राखेकोमा १० कार्यक्रममा सञ्चालन नगरेको , १ कार्यक्रममा २५ प्रतिशत कार्य भएको र बाकी ४३१ कार्यक्रमको ७५ प्रतिशत भन्दा बढि प्रगति भएको विवरण पेश गरेको छ ।

७ **बैंक हिसाब -** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यसवर्षको बर्षान्तमा बैंक मौज्दात(धरौटी र कोष )बाहेक रु.३,५२,७८,३७४।७४ रहेको छ । सोही अवधिको देहायका खाताको बैक स्टेटमेन्ट अनुसार बैंक मौज्दात रु.३९७५१०७५।७६ देखिएकाले रु.४४,७२,७०१।०२ बैकमा बढि मौज्दात देखिएको छ । कार्यालयले बैंक हिसाब मिलान तयार नगरेकोले फरक पर्नाको कारण पहिचान गर्न सकिएन ।यसर्थ बढि मौज्दात देखाएको रकम हिसाब मिलान गर्नुपर्ने रु. ४४,७२,७०१।०२

| वैंक हिसाब न. | रकम |
|---|---|
| ने.बै.ली२०४५,नगरपालिका सञ्चित कोष | २०१८०७०४.७० |
| ने.बै.ली४१४३,चालु समुह खाता | २३८८७१९ |
| ने.बै.ली४२४३, पुजिगत समुह खाता | १६३७११५ |
| ने.बै.ली४३२ आन्तरीक आय खाता | १५५४४५३७.०६ |
| जम्मा | ३९७५१०७५.७६ |

८ **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम  २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार विभिन्न ६ पुजिगत शिर्षकमा रु१४करोड ४० लाख ७४ हजार खर्च भएकोमा प्रथम चौमासिकमा ६.१० प्रतिशत, दोश्रो चौमासिकमा १८.१६ प्रतिशत र तेश्रो चौमासिकमा ७५.७४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा ४१.२२ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।

| **क्र. सं.** | **बजेट उपशीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | **आषाढ महिना** |
| १ | बित्तिय समानिकरण पुंजिगत | १३१२३८७६२। | १९७१७५११० | २३८७५९४६। | १०५३९००६५ | ५५९३०४१३।०० |
| २ | सडक बोर्ड | ३५९४१६७।०० | १५७००४०। | ४६६५०।०० | १९७७४७७।० | १९७७४७७।०० |
| ३ | नगरपालिका अनुदान | ४२००००0।० | ४११६५०४।० | ७९७७२।०० | ३७२४।०० | ३७२४।०० |
| ४ | संघिय पुर्बाधार पुंजिगत | ३८४११४७।० | ११२८०३०।० | २१६६४७०।० | ५४६६४७।०० | २८०८७०।०० |
| ५ | पर्यटन पुर्वाधार | ६००००0।०० | ०।०० | ०।०० | ६००००0।०० | ६००००0।०० |
| ६ | स्थानिय शासन स.का. | ६००००0।०० | ० | ० | ६००००0।०० | ६००००0।०० |

९ **ठेक्का बन्दोबस्त**ःआर्थिक कार्यविधि नियमावली, २०६४को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक भित्र सम्पन्न गर्ने उल्लेख छ । यस वर्ष १५ वटा ठेक्कापट्टा स्वीकृत भएकोमा दोस्रो चौमासिकमा ६ ठेक्कापट्टा  र तेस्रो चौमासिकमा ९ ठेक्कापट्टा स्वीकृत गरि ८ वटा ठेक्का कार्य सम्पन्न भएको

पाइयो ।नियमानुसार लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक भित्र सम्पन्न हुने तर्फ ध्यानदिनुपर्दछ ।

:

(रकम रु. हजारमा)

| कार्यक्रमको नाम | ठेक्का सम्झौता | | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| डम्पीड साइट निर्माण | १ | ४१३६।० | | | | | १ | ४१३६ | | | | ८२७०० |
| सडक बोर्ड तर्फ सडक निर्माण | ७ | २८२०।० | | | | | ७ | २८२० | | | १ | ८१९।०० |
| खेल मैदान बिस्तार | १ | ३५०४।० | | | १ | ३५०४ | | | | | १ | ३५०४।०० |
| भबन तला थप | १ | ३६३६।० | | | १ | ३६३६ | | | | | १ | ३०४५।०० |
| बेनी पाल्लेखेत सडक | १ | ५८८९। | | | १ | ५८८९ | | | | | १ | ५८८९।०० |
| बिपद व्यवस्थापन सामाग्री खरिद | १ | १३३७।० | | | | | १ | १३३७ | | | १ | १३३७।०० |
| कम्प्युटर खरिद | १ | २१४५।० | | | १ | २१४५ | | | | | १ | २१४५।०० |
| पावर व्याकअप खरिद | १ | ९४५।० | | | १ | ९४५।० | | | | | १ | ९४५।०० |
| औषधि खरिद | १ | ११८६।० | | | १ | ११८६। | | | | | १ | ११८६।०० |

१० **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी नगरसभाबाट स्विकृत ६२ रहेपनि पदपूर्ति २५ रहेको देखियो । अधिकृत सहित ३७ पद रिक्त रहेका छन । पदपूर्ति भएको पद मध्ये १४जना करारमा राखि कार्य संचालन गरिएको छ । कर्मचारी पदपुर्ति र समायोजन गरि व्यवस्थित गरेको देखिएन ।

११ **विशेष भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । वित्तिय समानिकरण चालु अनुदान शिर्षकबाट २३ जना(६ करारका देहायका कर्मचारी समेत) लाई २५ प्रतिशत प्रोत्साहन भत्ता रु.१६७५४८८ भुक्तानी भएको र बजेट तथा कार्यक्रम तयारीमा परिचालित हुने ८ कर्मचारीलाई एक महिना बराबरको तलव दिने निर्णय गरेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्सहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार कार्यविधि विना खर्च लेखेकोले अनियमित देखिएको रु. १६७५४८८।–

| kb | sd{rf/L gfdy/ | Ef'StfgL ePsf] /sd |
|---|---|---|
| ;+xfos rf}yf] | >L{ lgd{nf ;'a]bL kf}8]n | ^^%!^ |
| ,, | >L lbks zdf{ | ^^%!^ |
| X=;=rf | >L yd axfb'/ zfxL | %%)@) |
| sf=;= | >L sf}lznf b]lj 3lt{ If]lq | $*^(^ |
| sf=;= | >L ofd k\|;fb kf}8]n | $*^(^ |
| sf=;= | >L nId0f If]lq | $*^(^ |
| hDdf | | ##$!$) |

१२ करारका कर्मचारीलाई स्थानीय भत्ता दिन मिल्ने प्रावधान देखिदैन ।साविक गाउ बिकास समिति र नगरपालिकामा करारमा कार्यरत सहायक चौथो ४,हलका सवारी चालक २,कार्यालय सहयोगी ३,चालक १ र फोहोर व्यवस्थापक २ लाई यस वर्ष सम्झौता नविकरण गरि दशै खर्च समेत १२ महिनाको तलव रु ३३९९८९० र पोशाक भत्ता रु.७५००

का दरले रु.९०००० वितरण गरेकोमा देहायका करारका कर्मचारीलाई रु१८२५२० स्थानीय भत्ता वितरण गरेको देखिएकाले अनियमित खर्च भएको रु. १८२५२० ।–

| पद | कर्मचारीको नाम | रकम |
|---|---|---|
| सहायक चौथो | निर्मला सुवेदी | ३०७२० |
| ,, | दिपक शर्मा | ३०७२० |
| ,, | ज्ञानेन्द्र के.सी. | ३०७२० |
| ,, | देवि खत्री | २७३६० |
| कार्यालय सहयोगी | कौशिला देविघर्ति | २१००० |
| ,, | याम प्रसाद पौडेल | २१००० |
| ,, | लक्ष्मण क्षेत्री | २१००० |
| जम्मा | | १८२५२० |

१३ **बक्यौता रकम असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र विभिन्न कर वापतको वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालिकाले देहायका विभिन्न कर वापत वक्यौता रु.१०,२०,०००असुल नगरेकोले हर्जाना समेत असुल गर्नुपर्ने रु. ।नगरपालिकाले वडा नं ४ सिंगामा रहेको तातोपानी कुण्डमा प्रतिस्पर्धा गरि आय ठेक्का लगाएको छैन। कुल आयको २५ प्रतिशतले हुने रकम नगरपालिकालाई भुक्तानी गर्ने सहमतिमा समितिले प्रवेश शुल्क प्रति व्यक्ती प्रति दिन रु५० का दरले रकम असुलि गर्दै आएको देखियो ।समितिको आय व्यय र लेखापरीक्षण प्रतिवेदन प्राप्त नभएकाले बक्यौता रकम यकिन गर्ने अवस्था छैन ।समितिले हालसम्म सहमति अनुरुपको रकम भुक्तानी नगरेकाले हर्जाना समेत असुल गर्ने र प्रतिस्पर्धा गरि आय ठेक्काको बन्दोबस्त गर्नुपर्ने रु. १०,२०,०००।–

| आय को नाम | पार्टी वा ठेकेदारको नाम | गत वर्ष सम्मको बांकी | गत वर्ष सम्मको बांकी यस वर्ष असुली | बांकी | यस वर्षको बांकी | जम्मा बांकी |
|---|---|---|---|---|---|---|
| सा.ज बहाल कर | धौलागिरी टिकट काउन्टर | २४००००। | ०।०० | २४००००। | १२००००। | ३६००००।० |
| सा.ज बहाल कर | म्याग्दी जिप तथा संचालक समिति | १००,०००। – | ०।०० | १०००००। | ६००००।० | १६००००।० |
| सेवा शुल्क | तातोपानी कुण्ड | ५,००,०००। | ५,००,०००। | ० | ५,००,०००। | ५०००००।० |

१४ **राजश्वकोअभिलेख** : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगर पालिकाको वडाहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन ।देहायका सेवा प्रवाहको विवरण पेश गरेपनि वडा कार्यालयमा रजिष्टर खडा गरि अभिलेख राखेको छैन ।यस वर्ष मुल्यांकन सेवा दस्तुर सम्पति मुल्यांकन र आयश्रोत प्रमाणित प्रति हजार रुपैयाको १ का दरले रु.१करोड सम्मको रु१००००न्युनतम र ५ करोड भन्दा बढिकोमा अधिकतम २५००० तोकिएकोमा कति सेवाग्राहीलाई कहिले कतिको सम्पति मुल्यांकन र आयश्रोत प्रमाणित गरेको हो सो को अभिलेख राखेको छैन ।एउटै सम्पतिको मुल्यांकन प्रयोजनपिच्छे फरक प्रमाणित हुनसक्ने अवस्था देखिन्छ । यसवाट वडाहरुको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।नगरपालिकाले देहाय बमोजिम सेवा प्रवाह गरि राजश्व असुल गरेको जनाएको छ ।

| **विवरण** | **सेवा प्राप्तिका लागि निवेदन संख्या** | **सिफारिस संख्या** |
|---|---|---|

| | | |
|---|---|---|
| नागरिकता सिफारिस | ३१०२ | ३१०२ |
| घरबाटो सिफारिस | १७४९ | १७४९ |
| नाता प्रमाणित | २५६० | २५६० |
| जन्म दर्ता | १०१९ | १०१९ |
| मृत्यु दता | २५८ | २५८ |
| बिबाह दर्ता लगाएत अन्य | ५१३ | ५१३ |

१५ **नक्शा पास:** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २७ मा नगरँपालिकाबाट नक्शा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले नक्शा पास गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याएको देखिएन ।घर नक्शापास र निर्माण कार्य सम्पन्न सम्वन्धी देहायनुसारको विवरण पेश गरेको छ ।यस तर्फ ध्यान दिनुपर्दछ ।

| घरनक्शा पासको निवेदन संख्या | अस्थायी अनुमति | कार्यसम्पन्न संख्या | | |
|---|---|---|---|---|
| | | गत विगत वर्ष अनुमति लिएका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा |
| ८७ | ३ | ५० | २ | ५२ |

१६ **जिन्सी व्यवस्थापन –**आर्थिक कार्यविधी नियमावलीको नियम ५० (३) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि लिलाम बिक्री गर्नुपर्ने अवस्था ६ महिना भित्र तथा मर्मत गर्नुपर्ने भनी तोकिएका अवस्था ३ महिना भित्र मर्मत गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनी उल्लेख भएका टयाक्टर,कम्पयुटर फोटोकपी मेशिन, लगायत विभिन्न ३२ प्रकारका मालसामान र मर्मत गर्नुपर्ने भनी उल्लेख भएका मालसामान देखिएकोमा सो अनुसार मर्मत तथा लिलामको कारवाही अगाडि बढाएको पाइएन । नियमावलीको व्यवस्था अनुसार मर्मत सम्मार तथा लिलाम बिक्री सम्वन्धी कारवाही गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

१७ **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

१८ **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । प्राप्त विवरण अनुसार देहायका पदाधिकारी र निर्माण व्यवसायीको रु.८२६९६५ पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. ८२६९६५।–

| पेश्की लिनेको नाम | रकम |
|---|---|
| सोमरस निर्माण सेवा | ८२६९६५ |

१९ **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा रु.१ करोड सम्मको निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जटिल प्राविधिक पक्ष समावेश भएका गोरेटो र ढलान बाटो, ट्र्याक खोल्ने,बाटो स्तरोन्नति लगायतका अधिकांश आयोजनाका लागत अनुमानमा माटो र ढुगांखन्ने कार्यको परिमाण घन मिटरमा तोकी डोजर, लोडर, एक्साभेटर, मेशीनहरूको दररेट समावेश गरि उपभोक्ता समितिबाट सञ्चालन गर्ने गरेको र उपभोक्ता समितिले सम्झौता रकमको ९० प्रतिशत भन्दा बढी रकम निर्माण व्यवसायीको कर विजक संलग्न राखि डोजर, लोडर, एक्साभेटर, मेशीन प्रयोगको समयावधि खुलाई डोजर व्यवसायीको विल पेश गरि प्राविधिक मुल्यांकन गराई भुक्तानी लिएको देखियो ।मेशिन प्रयोगमा उपभोक्ता समिलि कोटेशन पनि लिएको देखिदैन।यसबाट प्रतिस्पर्धा नभई लागत बढने,कामको परिमाण र गुणस्तरीयता सुनिश्चतता गर्न सक्ने स्थिति देखिदैन ।यसर्थ नियमको परिपालना हुनुपर्दछ ।उदाहरणका लागी देहायका सडकमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरूको प्रयोग गरी उपभोक्ता समितिले डोजर, लोडर, एक्साभेटर, मेशीन प्रयोग गरेको समयावधि मात्र खुलाई कार्य परिमाण उल्लेख नगरी व्यसायीलाई रकम भुक्तानी गरेको बिलबिजक पेश गरेका छन ।

| सडक आयोजना | डोजर व्यवसायी | रकम |
|---|---|---|
| बेनी भकिम्ली सडक | डी.एसं कन्शट्रक्शन | ४४९९७४ |
| बेनी खबरा हुदै भकुण्डे सडक | ,, | १५५३६७५ |

| | | |
|---|---|---|
| अर्थुगे भीरमुनी हुदै पुलाचौर सडक | विकल कन्शट्रक्शन | ७७६१७१ |
| गलेश्वर काउलेगौडा पात्लेखेत सडक | | ८०४०२३ |
| महारानीथानछाप डाडाखेत तातोपानी सडक | | १०३७०८० |

२० आयकर ऐन २०५८को दफा ८८(१))बमोजिम भाडामा १० प्रतिशत कर कटटा गर्नपर्ने व्यवस्था छ । लेखापरीक्षणमा छनौटमा परेको देहायका आयोजनाको निर्माण र मर्मतमा डोजर, लोडर, एक्साभेटर, मेशीन भाडा भुक्तानीमा १०प्रतिशत कर सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्नेमा मु.अ.कर बाहेकको भुक्तानी रकममा १.५प्रतिशत अग्रिम कर कटटा गरेको देखिन्छ । देहायका उपभोक्ता समितिले मु.अ.कर बाहेकको भुक्तानी गरेको रकममा १० प्रतिशत बहालकर असुल गर्नुपर्दछ । नगरपालिकाले अन्य उपभोक्ता समितिलाई यस वर्ष डोजर, लोडर, एक्साभेटर, मेशीन भाडामा प्रयोग गरी मु.अ.कर बाहेकको भुक्तानी गरेको रकममा १० प्रतिशत बहालकर छानबिन गरि सम्बन्धितबाट असुल गर्नुपर्ने देखिन्छ ।

| सडक आयोजना | डोजर व्यवसायी | रकम | १०प्रतिशत कर |
|---|---|---|---|
| बेनी भकिम्ली सडक | डी.एसं कन्शट्रक्शन | ४४९९७४ | ३९८२० |
| बेनी खबरा हुदै भकुण्डे सडक | | १५५३६७५ | १३७४९३ |
| अर्थुगे भीरमुनी हुदै पुलाचौर सडक | विकल कन्शट्रक्शन | ७७६१७१ | ६८६८८ |
| गलेश्वर काउलेगौडा पात्लेखेत सडक | | ८०४०२३ | ७११५२ |
| रानीथानछाप डाडाखेत तातोपानी सडक | | १०३७०८० | ९१७७६ |
| जम्मा | | | ४०८९२९ |

cfof]hgf x:tfGt/0fM ;fj{hlgs vl/b lgodfjln @)^$ sf] lgod (& sf] pk lgod -!@_ adf]lhd lgdf{0f sfo{ ;DkGg ePkl5 ;fj{hlgs lgsfon] ;f]sf] /]vb]v, dd{t ;Def/ ug]{ lhDd]jf/L ;d]t tf]sL cfof]hgfsf] :jfldTj pkef]Qmf ;ldlt jf nfeu|fxL ;d'bfonfO{ g} x:tfGt/0f ug'{ kg]{df उपभोक्ता समितिबाट काम u/fPsf cfof]hgfsf] xfn;Dd x:tfGt/0f u/]sf] b]lvPg .gu/kflnsfn] k|foM;a} cfof]hgf pkdf]Qmf ;ldlt dfkm{t u/fPsf] / lgdf{0fsf] sfd ;DkGg ePkl5 Ps jif+leq lau|] eTs]df dd{t ;Def/ ug]{ lhDd]jf/L tf]s]sf] 5}g .o:tf cfof]hgfdf /]vb]v / dd{t ;Def/sf] nfuL ;DalGwt pkef]Qmf ;ldlt jf nfeu|fxL ;d'bfonfO{ lhDd]jf/ agfpg' kb{5 .;f]lx k|of]hgsf nfuL yk ah]6 ljlgof]hg / vr{ ug]{ kl/kf6LnfO{ lgoGq0f ug'{kb{5 .

**२१** **कल्याण कोष :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार भनि यो आर्थिक वर्षमा एकमुष्ठ रु.१०,५०,००० वित्तिय समानिकरण पुजिगत अनुदान शिर्षकबाट कर्मचारी कल्याण खातामा ल्याएकोले अनियमित भएको रु. **१०५०००० ।–**

**२२** **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा नगरपालीकाले यस्ता प्रकृतिका देहायका कार्यक्रममा रु ६ लाख ९० हजार बजेट विनियोजन गरि खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखीएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ ।

| कार्यक्रम | खर्च रकम | |
|---|---|---|
| कृषि,पर्यटन,औद्योगिक व्यापार मेलाको लागी आर्थिक सहयोग | ३५०००० | |
| छैठो म्याग्दी महोत्सव मेलाको लागी आर्थिक सहयोग | १००००० | |
| लायन्स कल्व इन्टरनेशनल आर्थिक सहयोग | ४०००० | |
| राष्ट्रपति रनिंग शिल्ड आर्थिक सहयोग | २००००० | |
| जम्मा | ६९०००० | |

**२३** **विना प्रतिस्पर्धा खरिदः** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा रू.५६१२६७३को मात्र वोलपत्र एवं सिलवन्दी दरभाउपत्रवाट खरिद गरि देहायनुसारका कार्यक्रमको रु.२४लाख ८८ हजारका सामान पटक पटक सोझै खरीद गरेको पाइयो । खरीद कार्य गर्दा नियमको पालना हुनु पर्दछ । ऐन विपरित सोझै खरीद गरेकोले अनियमित देखिएको रु. . **२४८८०००।–**

(रु. हजारमा)

| क्र.सं. | उपशीर्षकको नाम | कामको प्रकृति | लागत अनुमान | टुक्रा सङ्ख्या | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | चालु खर्च समानिकरण | कार्यालय संचालन | १५०८।०० | | १५०८।०० |
| २ | संघिय पुर्वाधार बिकास | फर्निचर | ५००।०० | १ | ४८५।०० |
| ३ | स्थानिय शासन स कार्यक्रम | मेशिनरी औजार | ५००।०० | १ | ४९५।०० |

२४ **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ ।नगरपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व,नगर र नदी सरसफाई पर्दछन् । वातावरण तथा विपद व्यवस्थापनमा रु..३करोड ५०लाख बजेट व्यवस्था भएकोमा प्रगति विवरण पेश गरेको छैन । डम्पिंग साईड निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगती पेश भएन । फोहोरमैला व्यवस्थापनतर्फ डम्पिंग साईड निर्माण कार्यक्रमको लागी रुं.६८ लाख बजेट विनियोजन भएकोमा रु.२१ लाख २७ हजार(२५.९४प्रतिशत) खर्च भएको छ । उक्त डम्पिंग साईड निर्माण स्थल वार्ड न.६ स्थित ठुलो बहिरो भन्ने स्थानमा (पवित्र धार्मिक कालि गण्डकीको किनार तथा गलेश्वर र मुक्तिनाथको प्रवेशद्धार)को रुपमा रहेका देखियो । डम्पिग साईडस्थलको छनौट निर्णय ऐनसम्मत देखिएन ।उक्त नदि प्रदुषित हुन नदिन शिघ्र वैकल्पिक डम्पिग साईडस्थलको व्यवस्थापन हुनु पर्दछ ।

**( कालि गण्डकीको किनारमा निर्माणाधिन डम्पिंग साईडको दृश्य )**



२४.१ **सम्भाव्यतता अध्ययन-** आथिंक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैयाँभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गदां प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आथिंक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीक.त भएको हुनुपर्ने व्यवस्था रहेको छ । कायांलयबाट सन्चालित कुनै पनि योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सवेंक्षण र सम्भाव्यता अध्ययनको अभावमा कायंस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कायंको परिमाण अनिश्चित हुने, हुन सक्ने हुँदा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सन्चालन गनेंतफं ध्यान दिनुपर्ने देखिन्छ .

२५ **व्यवसाय कर,बहाल कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन ।

| | | |
|---|---|---|
| | लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।यस वर्ष नगरपालिकाले बहाल कर बहालरकमको न्युनतम २ देखि अधिकतम ८ प्रतिशत तोकेकोमा रु१३८५०००. असुली भएको छ ।यस्तो कर सिमित संस्था र सार्वजनिक जग्गाको बहालबाट मात्र उठेको अवस्था छ । आफ्नो कार्यक्षेत्र भित्र रहेका बहालवालाको पहिचान गरि बहालकर उठाउन उचित व्यवस्थापन गर्नु पर्दछ । | |
| २६ | **प्रवेश तथा पार्किंग शुल्क :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । नगरपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट यो वर्ष रु.७०२८००. असुल गर्ने लक्ष्य राखेकोमा रु.२०८३६४ मात्र असुल भएको देखियो । .उक्त आय ठेक्काबाट असुली गर्न एस.एन.एस कन्शट्रक्शन संग ७२४६०० मा सम्झौता भई निजले अग्रिम रकम दाखिला गरेकोमा सवारी कर असुलीमा सम्बद्ध निकायको समवन्य हुन नसकेको कारण देखाई उक्त सम्झौता तोडी निजलाई रु ५१६२३६ फिर्ता गरेको छ । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि सवारी कर असूलिलाई प्रभाबकारी बनाउने तर्फसम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| २७ | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदशर्न हल, संगित थियटर मनोरञ्जन प्रदशन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । बेनी नगरपालिकाले यस वर्ष सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदशर्न हल, संगित थियटर मनोरञ्जन प्रदशन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा २.५ प्रतिशत कर तोकेकोमा नगरपालिकामा विगतका वर्षदेखि नै २ सिनेमा हल (रुची र म्याग्दी सिनेमा हल)भएकोमा म्याग्दी सिनेमा हल संञ्चालनमा रहेको भएतापनि आर्थिक वर्ष २०७४।७५ मा नगरपालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यसमा छानविन गरि नगरपालीकाको क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| २८ | **कण्टिन्जेन्सी खर्च** –कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसार अनुसूची–१ (नियम १० (७) संग सम्वन्धित) मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । उक्त अनुसूची–१ मा वर्क चार्ज खर्च २.५ प्रतिशत र साना तिना अन्य खर्च २.५ प्रतिशत हुने उल्लेख छ । नगरपालिकाले कन्टिन्जेन्सी खर्च रु.१९०१६३० गरेको देखियो ।ठेक्कागत निर्माण कार्यको लागत अनुमानसँग तुलना योग्य खर्च भएको ठेक्कागत कन्टिन्जेन्सी खर्चको विवरण नराखी बजेट उपशीर्षकगत विवरण मात्र राखेको पाइयो । यसले गर्दा कुनै खास ठेक्काको लागत अनुमानको तुलनामा हालसम्म के कति कन्टिन्जेन्सी खर्च भयो विश्लेषण गर्न सकिएन । विगत वर्षका ठेक्काको लागत अनुमान र कन्टिन्जेन्सी खर्चको विवरण पेश नभएबाट कन्टिन्जेन्सी खर्चको तुलना हुन सकेन । | |
| २९ | **पूँजीगतबाट चालु खर्चः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । नगरपालीकाले यो वर्ष सभाबाट पारित गरि देहायका कार्यक्रममा रु.१८ लाख चालु खर्च पुजिगत वजेट वित्तिय समानिकरण समावेश गरि रु.५५०२५० खर्च लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरि वजेट खर्च नलेखेकोले अनियमित देखिएको रु. | ५५०२५०।– |

| कार्यक्रम | बजेट | खर्च |
|---|---|---|
| नमुना नगरपालिका अध्ययन भ्रमण कार्यपालिका र कर्मचारी | ८००००० | ३८३५०० |
| विषयगत भ्रमण ल्याण्डफिल्ड,धार्मिक र पर्यटक | ७००००० | ६६७५० |
| वडा समिति शैक्षिक अवलोकन भ्रमण | ३००००० | १००००० |
| जम्मा | १८००००० | ५५०२५० |

| | | |
|---|---|---|
| ३० | **मू.अ.करमा दर्ता नभएकासंग खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले खरिद कार्य गर्दा मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७४।१०।८मा नगरपालिकाको बस्तुगत विवरण तयार पार्न मू.अ.करमा दर्ता नभएको नेपाल रेडक्रससंग **मू.अ.कर समेत** रु.४९३०४०भुक्तानी गर्ने सम्झौता गरि १.५ प्रतिशत कर कटटा गरि ४९२८२४ भुक्तानी गरेकोले उक्त संस्थालाई भुक्तानी गरेको मू.अ.कर ५६६९६ असुल हुनुपर्ने रु. | ५६६९६।– |
| ३१ | **आर्थिक साहयताः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ ।कार्यालयले वित्तिय समानिकरण पूंजीगत खर्च शीर्षक तथा अन्य शीर्षकबाट खर्चको विल भरपाई राखि विभिन्न संघ,संस्थालाई रु.१७६४४५० आर्थिक सहायता स्वरूप भुक्तानी गरेको छ।यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरि वजेट खर्च नलेखेकोले अनियमित देखिएको रु. | १७६४४५० ।– |

| संस्था र कार्यक्रमको नाम | रकम |
|---|---|
| औद्योगिक व्यापार मेला | ३५०००० |
| छैठो म्याग्दी महोत्सव | १००००० |
| लायन्स कल्व | ४०००० |

| | |
|---|---|
| राष्ट्रपति रनिग शिल्ड प्रतियोगिता | २००००० |
| मिडिया सोसाइटी म्याग्दी | १००००० |
| सन्देश अभियान बाल कल्व | ४८२५० |
| म्याग्दी प्रवासी नेपाली संघ | १००००० |
| विभिन्न मेला पर्व आर्थिक साहयता | ५३६७०० |
| ,, | १९३००० |
| ब्रहम कुमारी विश्वविद्यालय | ९६५०० |
| जम्मा | १७६४४५० |

३२ **कार्यक्रम खर्च:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ । उक्त ऐनको दफा ७३(७)मा कार्यपालिकाले सभाबाट स्विकृत सिमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहले स्वीकृत वजेटको अधिनमा रही कुनै शीर्षकवाट पुँजिगत शिर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । कार्यपालिकाले सभाबाट स्विकृत कार्यक्रम र योजना संचालन गर्न समस्या भएको कारण देखाई नया योजना कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरेको देखियो ।कार्यपालिकाको २०७५।२।८ को निर्णय न.१४ बमोजिम चालु आ.व.को स्विकृत कार्यक्रम संचालन हुन नसकी बचत हुन आउने रकम देहायका नया कार्यक्रममा खर्च गरेको देखियो । ऐनमा भएको व्यवस्था अनुरुप कार्यक्रम संचालन गर्नेतर्फ सम्वन्धित ध्यान जानुपर्ने देखिन्छ ॥यसरी खर्च लेखेको रु.८३,०९,००० ऐनबमोजिम नदेखिएको रु. ८३,०९,०००।–

| कार्यक्रम | रकम |
|---|---|
| नगरपालिका भवन तला थप समेत | २६०५००० |
| बहुउदेशिय कर्बडहल मर्मत | १०००००० |
| रत्नेचौर,अर्जम,सडक स्तरोन्ती | ५००००० |
| अर्जम,भकुण्डे सडक स्तरोन्ती | ५००००० |
| मरेक वालम मोटरबाटो | ३००००० |
| वधशाला निर्माण | ४२४००० |
| गलेश्वर ढल मर्मत | २००००० |
| तातोपानी ढल मर्मत | २००००० |
| माइ भगवति मन्दिर निर्माण | २००००० |
| कुमाल्नी सिचाई मर्मत | २००००० |
| सिप विकास तालिम बेनी १ | १८०००० |
| गणेश मन्दिर निर्माण | १२५००० |
| लामगरा धाइरिंग पुल मर्मत | १००००० |
| तोरी खेत पहिरो नियन्त्रण | १७५००० |
| डाडाखानी मन्दिर निर्माण | १५०००० |
| आमा समुह छाना निर्माण | १००००० |
| खालिखोला सिचाइ मर्मत | १००००० |
| सिप विकास तालिम बेनी २ | ९०००० |
| शिव मन्दिर पुननिर्माण | १५०००० |
| लिस्नेपानी पहिरो नियन्त्रण | १७५००० |
| क्याम्पस गेट माथी ढल निकास बेनी | १५०००० |
| बाजा संरक्षण | ३०००० |
| ब्रम्ह कुमारी विश्वविद्यालय | १००००० |
| पुलाचौर स्विटर तालिम | ८०००० |
| उदघोषण तालिम | ५०००० |
| करिलाखर्क खानेपानी पाइप खरिद | १००००० |
| लालिगुरास आमा समुह भवन मर्मत | १२५००० |
| थाकनपोखरी जरबुटा हुदै रानीबास बाटो मर्मत | २००००० |
| जम्मा | ८३०९००० |

३२.१ नेपाल सरकारको पशु सेवा बिभागबाट जारी पशु सेवा कार्यक्रमको कार्यबिधिमा कृत्रिम गर्भाधान सेवा संचालन गर्न सकिने स्थान बिशेसमा व्यबसायिक फार्महरुमा उन्नत तथा गुस्तरीय बोका व्यबस्थापनको

<table>
<tr><td></td><td>लागी रु १५०००। सम्म प्रति बोकाका दरले सम्झौता गरी अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ। नगरपालिकाले देहायका कृषी समूह र बाखा पालन फर्म संग १५ बोयर बिउ बोका र पाठी खरिद सम्झौता गरी रु ९९३०००। रकम अनुदान उपलब्ध गराएको छ । नगरपालिकाले अनुदान कार्यबिधिको निर्माण नगरेको र नेपाल सरकारको स्विकृत पशु सेवा कार्यक्रमको कार्यबिधि अनुसार पनि कार्यक्रम कार्यान्वयन नगरेकाले अनियमित देखिएको रु.
<table>
<tr><th>कृषक समुह</th><th>अनुदान रकम</th><th>बोका संख्या</th></tr>
<tr><td>सिगा बाखा पालन कृषक समुह</td><td>८,००,०००।</td><td>११ वटा ७५ प्रतिशत बोयर क्रस बिउ बोका,<br>४ वटा ७५ प्रतिशत बोयर क्रस बिउ पाठी</td></tr>
<tr><td>धवलागिरी ब्यबसायिक बाख्रापालन फार्म</td><td>१,९३०००।</td><td>२ प्युर बोयर बोका र १ प्युर बोयर पाठी</td></tr>
</table></td><td>९९३०००।–</td></tr>
<tr><td>३३</td><td>विद्युतिय लेखा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै.नगरपालिकाहरुले Sub National Treasury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सांग्रिला सफ्टवेयर प्रयोग गरि लेखा राखेको भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । सफ्टवेयरको विस्वसनियता परिक्षण गरी सम्वन्धित निकायवाट स्विकृति समेत लिएको नदेखिएकोले नगरपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन ।</td><td></td></tr>
<tr><td>३४</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक बाहिर वजेट खर्च गर्न नमिल्ने व्यवस्था छ । यस बर्ष सभाबाट रुं.२११०८६००० को चालु खर्चको स्विकृत सिमा तोकिएकोमा नगरपालिकाले चालु खर्च रु.३०८७१८४४४।९८ गरेकोले सिमा नघाई रु.९७६३२४४४।९८खर्च गरेको देखियो ।बजेट पछि आएकाले चालु खर्चलाई सभामा अनुमोदन गर्न नसकिएको व्यहोरा अवगत भएको छ ।</td><td></td></tr>
<tr><td>३५</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा स्विकृत कार्यक्रम र बजेट प्रचलित कानुनबमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिलाई २०७३ साल मार्गमा डम्मरा तल्लो माझखेत मोटरबाटो मर्मत गरेको भनी आ.व.०७४।७५ को जिल्ला दररेटमा मेशिनले माटो खन्ने कार्य गरेको रु.२२७९५६।३१ को प्राविधिक मुल्यांकन बमोजिम भौ.न. ३१९।२०७५।३।१९ बाट रु.१९०१०५भुक्तानी गरेको देखिन्छ । उक्त कार्यक्रम गतबर्ष नगरपालिकाको स्विकृत कार्यक्रम अर्न्तगत नरहेको र उपभोक्ता समितिसंग काम सम्पन्न गर्न सम्झौता गरेको देखिदैन ।यसर्थ यस्तो खर्च अनियमित देखिएको रु.</td><td>१९०१०५ ।–</td></tr>
<tr><td>३६</td><td>सार्वजनिक परिक्षण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।यस नगरपालिकाले २०७५।३।२८ मा एक पटक सार्वजनिक सुनुवाई मात्र गरेको देखियो । सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई दुवै गर्ने तर्फ ध्यानदिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td>योजना र कार्यान्वयन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ ।नगरपालिकाले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण र मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याएको छैन । अधिकांश भौगोलिक र वातावरणिय प्रतिकुल, अल्पकालिन र वितरणमुखी आयोजना छनौट गरि कार्यान्वयनमा ल्याएको देखियो ।यस्ता आयोजना कार्यान्वयनमा नेपाल सरकारका विषयगत निकाय जस्तै कृषि,पशु,शिक्षा,स्वास्थय,खानेपानी आदीले अवलम्बन गर्ने कार्यविधि निर्देशिका अनुसार कार्य भएको देखिएन। यसर्थ उक्त ऐन र नेपाल सरकारका विषयगत निकायले अवलम्बन गर्ने कार्यविधि निर्देशिका मा भएको व्यवस्था अनुरुप कार्यक्रम संचालन गर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३७.१</td><td>योजना सम्झौता: स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को बुंदा ५१(ट) मा प्रत्येक आर्थिक वर्षको बैसाख मसान्तपछि नयां आयोजना सम्झौता गर्न वा पेश्की उपलब्ध गराउन नपाइने व्यवस्था छ । कार्यालयले कार्यविधि विपरित ४२ योजनाहरुको सम्झौता बैसाख मसान्त पछि गरि रु.१ करोड ४४ लाख ६ हजार खर्च गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>३७.२</td><td>योजनामा ५ लाखभन्दा कम विनियोजन: स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा आर्थिक सामाजिक एवम् पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट नगरपालिकाले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नहुने व्यवस्था छ । नगरपालिका बाट प्राप्त विवरण अनुसार निर्देशिका विपरित निम्न योजनाहरुमा रु.३ करोड ६९लाख ३० हजार खर्च भएकोमा रु. ५ लाख भन्दा कमका १५७ योजना स्वीकृत गराई कार्यान्वयन गर्ने गरेको छ । अत: कार्यविधिले तोके अनुसार पूर्वाधार कार्यक्रममा विनियोजन हुनुपर्दछ ।<br>(रु.हजारमा)
<table>
<tr><th>कार्यक्रम</th><th>कूल योजना संख्या</th><th>५ लाख भन्दा कमका योजना संख्या</th><th>५ लाखका योजनामा भएको खर्च</th></tr>
<tr><td>भवन निर्माण तर्फ</td><td>६९</td><td>६२</td><td>१२५८३</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| कच्ची सडक | ३६ | ३१ | ८८८६ |
| सडक मर्मत सुधार | ३२ | ३२ | ८१९५ |
| गोरेटो /घोडेटो | १६ | १६ | २९१६ |
| पर्खाल निर्माण/मर्मत | १७ | १६ | ४३५० |
| जम्मा: | १७० | १५७ | ३६९३० |

३८ **विमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गर्नुपर्ने व्यवस्था छ ।देहायका सडक आयोजनाको कार्य सम्पन्न भएतापनि. निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गरेको देखिएन ।

| सडक आयोजना | लागत अनुमान | यथार्थ लागत |
|---|---|---|
| बेनी पाल्लेखेत सडक स्तरोन्नती | ९६५०२५१।२१ | ६५४३५८९।२४ |
| खुल्लामञ्च बेनी बिस्तार कार्य | ५७९४८९१ | ३४४१३८४ |
| नगरपालिकाको हल निर्माण | ५४७००२७ | ३९८५६८२ |

३९ **आन्तरीक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) बमोजिम स्थानीय तहले कानुन बमोजिम आफनो आय र व्ययको लेखापरीक्षण गराउनु पर्ने र दफा ७७(३)मा आन्तरीक लेखापरीक्षणले औल्याएका कैफियत अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ ।यस नगरपालिकाले आय व्ययको आन्तरीक लेखापरीक्षण आफनो आन्तरीक लेखापरीक्षण शाखाबाट स्विकृत दरबन्दी बमोजिमको कर्मचारी पदपुर्ति नभएतापनि करारमा नियुक्त सहलेखापालबाट गराएको देखियो ।आन्तरीक लेखापरीक्षण निर्देशिका बमोजिम लेखापरीक्षण भएको छैन ।यसर्थ आन्तरीक लेखापरीक्षण प्रभावकारी छैन । आन्तरीक लेखापरीक्षणले औल्याएका देहायका कैफियत अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण नगराएको रु. २६४०६०।–

| भौ.न.र मिति | आपुर्तिकर्ताको नाम | व्यहोरा | रकम |
|---|---|---|---|
| १२६।०७४। १२।८ | सुप्रिया फर्निचर | सार्वजनिक खरिद नियमावली, २०६४ नियम १९ बमोजिम सार्वजनिक निकायले खरिद कार्य गर्दा मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीबाट खरिद नगरेको | २६४६० |
| १४०।०७४। १२।१३ | किस स्पोंट हाउस | | २१६०० |
| १३२।०७५। ३।२८ | सन्त विश्वकर्मा फर्निचर उद्योग | | २३००० |
| | पुस्तक | जिन्सी दाखिला बेगर खर्च लेखेको | १९३००० |
| | | जम्मा | २६४०६० |

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धि ऐन २०७४ (**२०७५।१।२४ मा जारी भएको**) ले स्थानिय तहका पदाधिकारी तथा सदस्यले निर्वाचित भई पदभार ग्रहण गरेको मिति देखि मासिक सेवा सुबिधा पाउने ब्यबस्था गरेको छ । उक्त ऐनले नगरपालिकाका प्रमुख,उप प्रमुख,सदस्य तथा नगर सभा सदस्यको मासिक सुबिधा ३५,०००।, ३०,०००। ,२०,०००।, १०,०००।, र ७०००। तोकेको छ । सोही ऐनमा संचार सुबिधा प्रति महिना २०००।, १५००।, १०००। का दरले प्रमुख,उप प्रमुख र वडा सदस्यलाई दिने ब्यबस्था छ । प्रमुख, २ वडा अध्यक्ष र २ वडा सदस्यले सरकारी कोषबाट निवृत्ति भरण लिने गरेकाले मासिक सुविधा लिएका छैनन् । तर १० वडा अध्यक्ष, ४२ सदस्य समेत ५२ जनाले चाडपर्व खर्च समेत १२ महिनाको सुविधा रु ६१४७७००। र संचार सुबिधा २०७४ चैत्र देखि सबै रु ४६०००। भुक्तानी लिएको देखिन्छ ।ऐन प्रारम्भ भएको मिति देखि सेवा सुविधा दिने प्रावधानको व्यवस्था हुनुपर्दछ ।

४१ **लेखापरीक्षण:** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ ।.यस नगरपालिका मातहत रहेका ५६ आधारभुत र माध्यमिक विद्यालय र ७ प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य केन्द्रको आय व्ययको लेखापरीक्षण गराएको देखिएन । ऐनमा भएको व्यवस्था अनुरुप लेखापरीक्षण गराउनुपर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

४२ **न्याय सम्पादन** - यस नगरपालिकामा २०७४।११।२४मा न्यायिक समिति गठन भई १०मुद्दा दर्ता भएकोमा ७ वटा फछ्र्यौट भई ३ वटा बाँकी रहेको अभिलेखबाट देखियो ।

४३ **सभाको निर्णय कार्यान्वयन** - यस नगरपालिकाको सम्पन्न नगरपालिका सभाहरुबाट पारित निर्णयको कार्यान्वयनको अवस्था माग गरेकोमा पेश हुन आएन ।

४४ **अनुगमन तथा नियमन**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११मा नगरपालिकाको काम कर्तव्य अधिकार को व्यवस्था गरेको छ ।नगरपालिकाले क्षेत्रगत कार्यक्रमको अनुगमन तथा नियमन समेत गर्ने व्यवस्था रहेको छ । सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले अनुगमन तथा सुपरीवेक्षणमा रु.१० लाख बजेट विनियोजन गरेकोमा रु.२७४९९५(२७.५० प्रतिशत)खर्च गरेको छ । नगरपालिकाले

बिल,भरपाई राखी खर्च लेखेको देहायका कार्यक्रमको अनुगमन गरि प्रतिवेदन पेश गरे पनि कार्यक्रमको प्रभावकारिता मुल्यांकन गर्न सकिने गरि प्रतिवेदन व्यबस्थित छैन ।यसर्थ यस तर्फ ध्यान दिनुपर्दछ ।

| कार्यक्रम | खर्च |
|---|---|
| तरकारी उत्पादन कार्यक्रम वडा नं.१ | ४८२५०० |
| सुन्तला बगैचा व्यवस्थापन | ९६५०० |
| माहुरी पालन | ४७६५२५ |
| कृषि सामग्री वितरण | ३४७१९० |
| विउविजन कार्यक्रम | ४८२५०० |
| तरकारी खेति उत्पादन | ४८२५०० |
| हिमाली अल्लो कपडा उद्योग | २६५०० |
| बोका खरिद वितरण वडा नं ४ | ४८२५०० |
| उन्नत जातका बाखा वितरणवडा नं ४ | २८९५०० |
| जनकल्याण मा.वि.मा कम्पयुटर खरिद | ६७५५०० |
| वलागिरी मा.वि.समेत विभिन्न ११ विद्यालयमा पुस्तक,फर्निचर,ल्यापटप खरिद | १७६६८३१ |

४५ **भुक्तानी दिन बाँकी विवरण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा स्विकृत कार्यक्रम र बजेट प्रचलित कानुनबमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले आ.ब.२०७४।७५ को विभिन्न खर्च बापतको भुक्तानी दिन बाँकी रकम देहायका मिति र भौचरबाट रु.१५८६७० भुक्तानी गरेको देखिन्छ । सम्बन्धित आ.ब.मा भएको खर्च रकमको भुक्तानी भए वा नभएको प्रमाणित कागजात बेगर यस आर्थिक वर्षमा परिषद्बाट स्वीकृति बेगर खर्च गरेकोले नियमसम्मत् नदेखिएको रु. १५८६७०।–

| गो. भौ.नं. र मिति | रकम |
|---|---|
| १।२०७४।५।२६ | १४०६७०।०० |
| ११।०७४।६।६ | १८०००।०० |
| जम्मा | १५८६७०।०० |

४६ आर्थिक कार्यविधि नियमावलि २०६४ को दफा ५२ मा जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकको कार्यालयबाट स्विकृत ढाचामा राख्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले सवारी साधन मर्मतका लागी वित्तिय समानिकरण चालु शिर्षकबाट खरिद गरिएका मालबस्तु म.ले.प.फा.नं.२ मा उल्लेख नगरी खर्च लेखेको देखिएकोले रु १७७५५८।३० नियमित हुनु पर्ने रु. १७७५५८।३०

| गो. भौ. नं. र मिति | रकम |
|---|---|
| ६–२०७४।५।३० | १०७३५४।०० |
| ६४–२०७४।११।३० | ४०७००।०० |
| ५५–२०७४।१०।२९ | १४९५५।५५ |
| ७८–२०७५।१।६ | १४५४८।७५ |
| जम्मा | १७७५५८।३० |

४७ **गुणस्तर परिक्षण**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।. यस वर्ष आपुर्ति गरेका सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

४८ **सम्परीक्षण** : लेखापरीक्षणबाट कायम भएका बेरुजु मध्ये आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १८ अनुसार कार्यालयले फछ्र्यौट गरी सोही ऐनको दफा १९ वमोजिम सम्परीक्षणको लागि पेश गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । कार्यालयले स्थलगत लेखापरीक्षण समक्ष रु.२९००।- सम्परीक्षणको लागि अनुरोध भै आएकोमा रु. २९००।- को

| | | |
|---|---|---|
| | सम्परीक्षण भई सो को लगत कट्टा भएको छ। | |

| आ.व. | वेरुजु दफा नं. | रकम | कैफियत |
|---|---|---|---|
| ०७३.०७४ | ९,१० | २९००.०० | असुल भई फछ्र्यौट |

| | | |
|---|---|---|
| ४९ | **वित्तिय जवाफदेहिता मूल्यांकन :** कार्यालयको व्यवस्थापकिय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रबाह र खरिद व्यबस्थापन/विकास निर्माणको क्षेत्रगत सूचकहरुको आधारमा कार्यालयको मूल्यांकन गर्दा कुल १०० पूर्णाअंकमा A,B,C,D ग्रेडमध्ये यस कार्यालय B ग्रेडमा रहेको छ। कार्यालयले वित्तिय जवाफदेहिताका लागी अति उत्तम अंक हासिल गर्न A ग्रेड प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ५० | **बेरुजू** - नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१४ लाख ८६ हजार, अनियमित बेरुजू रु.१ करोड ७८ लाख ३ हजार,प्रमाणकागजात पेश नभएको रु.४४ लाख ७३ हजार र पेश्की रु.८ लाख २७ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु. ४ लाख ९ हजार समायोजन र फछ्र्यौट भई रु.२ करोड ४१ लाख ८० हजार बेरुजू कायम भएको छ। | |
| ५१ | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। गाउपालिकाले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | |

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C=A-B) |
|---|---|---|
| ८०३८०००.०० | **३०००** | ८०३५०००.०० |

| | | |
|---|---|---|
| ५२ | **अद्यावधिक बेरुजू स्थिति :** नगरपाालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (D) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ८०३५०००.०० | ० | २४१८०००० | ३२२१५००० |

अनुसूची– १

## बेनी नगरपालिका

### बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७४।७५

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | म्याग्दी | बेनी नगरपालिका | ३९ | १६ | २४१८० | | | | ३९ | १६ | २४१८० | १०७७ | १७८०३ | ४४७३ | ० | ० | २२२७६ | ० | ८२७ | ८२७ |

अनुसूची- २

### स्थानीय तह सञ्चित कोष विवरण

२०७४।७५

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १ | म्याग्दी | बेनी नगरपालिका | १९६२२ | १८०९१० | २१८९५१ | ८५६०७ | ४८५४६८ | ३०८७१८ | १४४४२१ | ५०५१ | ४५८१९० | ४६९०० |